# राष्ट्रिय जनमोर्चा

## National People's Front

### केन्द्रीय कार्यालय / Central Office

बुढानिलकण्ठ न.पा. १०, ज्योतिनगर, कपन, काठमाडौं
Phone : 01-4164304, Email : rajamo2052@gmail.com, Web : www.rajamo.org


## प्रेस वक्तव्य

राष्ट्रिय जनमोर्चाको प्रथम राष्ट्रिय परिषदको बैठक २०७५ पौष २७ र २८ गते बुटवलमा भव्यरुपमा सम्पन्न भएको छ । यो पार्टीको नियमित बैठक हो । यो बैठकले तात्कालिक राजनैतिक प्रस्ताव र संगठनात्मक कार्यक्रम पारित गरेको छ । साथै एक दिनको देशव्यापी विरोधसभाका कार्यक्रम पनि बनाएको छ । परिषदका यी निर्णयहरुलाई सार्वजनिक गर्न यो प्रेस वक्तव्य जारी गरिएको छ ।

१. पारित तात्कालिक राजनैतिक प्रस्तावमा राजतन्त्रको अन्त भै गणतन्त्रको स्थापना भए पनि देशको अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा परिवर्तन भएको छैन भन्दै त्यो अवस्थामा आमुल परिवर्तनको आवश्यकता छ, भनिएको छ । तर त्यसका लागि आवश्यक परिस्थिति परिपक्व भएको छैन । संविधानसभाद्वारा निर्मित नयाँ संविधान नेपालको राजनैतिक इतिहासमा ठूलो उपलब्धि हो । यसको मुख्य उपलब्धि गणतन्त्र, धर्म निरपेक्षता, जनताका मौलिक हक, एकल नेपाल राष्ट्र, राष्ट्रियता, बहुलवाद, संविधानको सर्वोच्चता, शक्ति पृथकीकरण, प्रेस स्वतन्त्रता इत्यादि हुन् । यिनको रक्षा र उपयोगगर्दै अधिकतम लक्ष्यतर्फ अघि बढ्न पर्दछ । तर, संघीयता र नागरिकतासम्बन्धी खुकुलो नीति सही छैनन् ।

२. यो संविधानको र अन्ततः गणतन्त्रको विरुद्ध जातिवादी, क्षेत्रीयतावादी, विखण्डनकारी, राजावादी, भारतीय विस्तारवाद र प्रकारान्तरले वामपन्थी संकिर्णतावादीहरु लागेका छन् । नेपाली कांग्रेसभित्र देखापरेको धर्म निरपेक्षताको विरोधले हिन्दु धर्म सापेक्ष राज्य स्थापना हुन सक्ने र त्यसआधारमा राजतन्त्रको पुनस्थापना हुने खतरा छ । भारतमा हिन्दु धर्मवादी भाजपाको सरकारले पनि नेपाललाई हिन्दु राज्य बनाई त्यस आधारमा राजतन्त्र पुस्थापना गर्न चाहन्छ । त्यसकारण गणतन्त्रमाथि खतरा छ ।

३. अहिलेको नेकपाको सरकारलाई हाम्रो समर्थन छ । तर, यो सरकारले परिवर्तित राजनैतिक स्थिति र निर्वाचनमा पाएको जनताको अभिमतको आधारमा काम गर्न सकेको छैन । देशमा भ्रष्टाचार, कमिशनतन्त्र, महंगी, करवृद्धि, हत्या, हिंसा, बलात्कार, दण्डहीनता, जनशक्तिको विदेश पलायन, अर्थतन्त्र, सामाजिक सुरक्षाको स्थितिमा सधार भएको छैन । अर्थात जनताले अनुभूत हुनेगरी सरकारले काम गर्न सकेको छैन । त्यसैले उपरोक्त कुराहरुको विरोधमा आगामी माघ १९ गते देशव्यापी जिल्लास्तरमा विरोध सभाहरु गर्ने निर्णय भएको छ । त्यसको मूलनारा **"संघीयता, राष्ट्रिय विखण्डन र प्रतिगमनको खतराका विरुद्ध संघर्ष गरौं ! महंगी, भ्रष्टाचार, हत्या, हिंसा र वलात्कारको अन्त्य गरौं !!"** ठेगान गरिएको छ । विरोध सभाका मुख्य वक्ताहरु निम्नानुसार ठेगान गरिएको छ- काठमाण्डौं- चित्रबहादुर केसी, प्युठान- रश्मीराज नेपाली, नवलपरासी- बद्रे आलम, कैलाली- दुर्गा पौडेल, बाग्लुङ- जनकराज शर्मा, सुनसरी- हिमलाल पुरी, बाँके- ओमबहादुर केसी, कंचनपुर- मनोज भट्ट, डडेल्धुरा- बेणीमाधव जोशी, डोटी- लालबहादुर जाग्री, सुर्खेत- तारा जिसी, दैलेख- लोकेन्द्र लम्साल, बर्दिया- कमला जिसी, दाङ- विमल पोखरेल, कपिलवस्तु- झविलाल थापा, रुपन्देही- भैरव रेग्मी, अर्घाखाँची- मीना पुन, पाल्पा- तारा थापा, गुल्मी- सोम कार्की, रोल्पा- कृष्ण खड्का, स्याङजा- रामबहादुर बुढा, कास्की- राजेन्द्र ढुंगाना, नवलपुर- डम्मर पुरी, तनहुँ- निमबहादुर बुढा, चितवन- रामप्रकाश पुरी, मकवानपुर- सरस्वती पौडेल, ललितपुर- घनश्याम न्यौपाने, सिन्धुपाल्चोक- लक्ष्मी केसी, काभ्रे- नारायण सापकोटा, सर्लाही- काजीलाल वाइवा, रौतहट- कर्ण थापा र बारा- चिन्तामणी पौडेल । अन्य बाँकी जिल्लाहरुमा प्रदेश समितिहरुले मुख्य वक्ताहरुको ठेगान गर्ने छन् ।

४. बैठकले संगठन विस्तारको लागि योजना बनाएको छ । त्यो योजना अनुसार राष्ट्रिय जनमोर्चाको सदस्यता वितरण, समितिहरुको गठन पुर्नगठन, भेला, सम्मेलन, प्रशिक्षण, कार्यकर्ताको संरक्षण, संगठनको अनुगमन, मूल्याङ्कन, जिम्मेवारी, जनप्रतिनिधिहरुको परिचालन, विकाश निर्माणका काम आदि विभिन्न विषय र क्षेत्रमा काम हुनेछ ।

५.बैठकले समसामयीक विषयमा विशेष प्रस्तावहरु पनि पारित गरेको छ । ती यसप्रकार छन -

क) विश्वमा विवादास्पद र बदनाम भएको युनिर्भसल पिस फेडरेशनको काठमाडौंमा केही समय अगाडि एसिया प्यासिफिक समिट भएको थियो । उक्त कार्यक्रममा प्रधानमन्त्री के.पी. ओली आफूमात्र सहभागी भएनन्, उक्त कार्यक्रमको नेपाल सरकार सहआयोजक बन्यो र राज्ययन्त्रहरुलाई त्यसमा परिचालन गरे । धर्म निरपेक्ष राष्ट्रको सरकारको यो कार्य सहि भएन । सरकारको यसप्रकारको कार्यले देशमा इसाइकरणको खतरा पनि बढेर गएको छ । राष्ट्रिय परिषदको बैठकले सरकारको यस्तो कार्यको घोर विरोध गर्दछ ।

ख) परिवर्तित राजनीतिक परिस्थिति र नयाँ सरकार बनेपछि पनि देशमा भ्रष्टाचार, कमिशनतन्त्र, घुसखोरी जस्ता अपराध र विकृतिमा कुनै कमि आएको छैन । वाईडबडी हवाईजहाज खरिदगर्दा घोटाला भएको छ । आयल निगममा भएका भ्रष्टाचारहरु बाहिर

आएका छन् । भ्रष्टाचारमा कर्मचारीतन्त्र र राजनीतिक नेता कार्यकर्ता संलग्न भएका छन् । स्थानीय तहमा पनि भ्रष्टाचार भएको छ । यो राष्ट्रिय परिषदको बैठकले यसप्रकारको भ्रष्टाचारको तीव्र विरोध र भर्त्सनागर्दै भ्रष्टाचार अन्त्य गर्न जोडदार माग गर्दछ ।

ग) देशमा उद्योग, कलकारखाना तथा व्यापारको विकाश भएको छैन । देशको अर्थतन्त्र चौपट छ । जनता गरीब छन् । यस्तो मुलुकमा हाम्रो देशको लागि अनुपयुक्त, अनावश्यक र गलत संघीय व्यवस्था लादिएको छ । संघीय व्यवस्थाको अनावश्यक खर्च धान्न करमा व्यापक बृद्धि गरिएको छ । यो कर तिर्न उद्यमी, व्यापारी र सर्वसाधारण जनता सक्षम छैनन् । यो बैठक सरकारले गरेको यो करबृद्धिको विरोध गर्दछ ।

घ) नेपाल एकल राष्ट्रिय देश हो । संविधानले यो आधारभूत कुरा स्वीकार गरेको छ । त्यसकारण, संघीय शासन व्यवस्था हाम्रो देशको लागि सही व्यवस्था होइन । यो व्यवस्था नेपाली जनता र यहाँका राजनीतिक दलहरुको माग पनि होइन । यो विदेशी नेपाल विरोधी शक्तिहरुले नेपालमा लादिदिएका हुन् । यसले देशमा अनावश्यक खर्चमा बृद्धि भएको छ, जातीय, क्षेत्रीय द्वेष बढाएको छ, राष्ट्रिय विखण्डनको खतरा छ । यो संघीयतालाई चाडोभन्दा चाडो खारेज गर्न यो बैठकले जोडदार माग गर्दछ ।

ङ) लुम्बिनी र निजगढमा अन्तर्राष्ट्रियस्तरका विमानस्थलहरु बन्दै छन् । तिनको लागि पहिले भारतले अन्तर्राष्ट्रिय उडानको लागि रुट परमिट दिएको थियो । अहिले विभिन्न बहाना बनाई उक्त रुट परमिट नदिने भनेको छ । भूपरिवेष्ठित देशले सामुन्द्रीक पहुचको सुविधा पाउनु पर्ने अन्तर्राष्ट्रिय सन्धिमा व्यवस्था छ । भारतले नेपाललाई अहिलेसम्म त्यो सुविधाबाट बञ्चित गरेको छ । भारतको त्यो व्यवहारले नेपालको विकासमा धेरै नै बाधा पुगेको छ । अहिले आएर अन्तर्राष्ट्रिय हवाइ रुट परमिट नदिएर नेपाल र नेपालमाथि एक मित्रको होइन कि शत्रुताको व्यवहार गरेको छ । भारतले नेपाललाई अन्तर्राष्ट्रिय हवाई रुट नदिने कार्यको बैंठकले घोर विरोध र भर्त्सना गर्दछ ।

च) नेपाल दुई विशाल भूभाग र जनसंख्या भएका भारत र चीनका बीचमा अवस्थित छ । नेपाल आफैमा सानो, पर्याप्त जनसंख्या भएको र अविकसित अवस्थामा छ । यस्तो देशको नागरिकता नीति कडा हुनु पर्दछ । तर, गैर नेपाली जनसंख्या देशमा थपिँदै गएको छ । विशेषगरी त्यो जनसंख्याले तराईमा ठूलो समस्या खडा हुँदै गएको छ । त्यसले नेपालको राजनीतिमा पनि प्रभाव पारेर नेपाल फिजीकरण हुने गम्भीर खतरा छ । सरकारको नागरिकता नीति खुकुलो पार्ने प्रस्तावित राष्ट्रहित विरोधी नागरिकता विधेयकको यो बैठकले विरोध गर्दछ र त्यसलाई संसदमा प्रस्तुत नगर्न सरकारसँग जोडदार माग गर्दछ ।

छ) २ नं. प्रदेश तराईका जिल्लाहरुबाट निर्माण गरिएको छ । एकातर्फ, त्यो प्रदेशलाई पहाडी तथा हिमाली क्षेत्रका श्रोत-साधन उपलब्ध छैनन् भने त्यसदेखि उत्तरतर्फका पहाडी जिल्लाहरुलाई तराईका श्रोत-साधन उपलब्ध छैनन् । अर्कोतर्फ, भारतीय विस्तारवाद र राष्ट्र विखण्डनकारी तत्वहरुलाई पहाडी भूभागबाट अलगगरी एक मधेश प्रदेश निर्माण गर्ने वा राष्ट्रिय विखण्डनको लागि आधार क्षेत्र भएको छ । त्यसकारण २ नं. प्रदेश उत्तर चीनसम्मका पहाडी जिल्लाहरु मिलाएर निर्माण गर्न यो बैठकले माग गर्दछ ।

ज) अति विकट कर्णाली प्रदेश तराई भूखण्डनका श्रोत साधनबाट वञ्चित छ । त्यसकारण कर्णाली प्रदेशलाई उत्तर दक्षिण फैलाउन बाँके र बर्दिया जिल्लाहरुलाई पनि कर्णाली प्रदेशमा समावेश गर्न यो बैठकले माग गर्दछ ।

झ) माथिल्लो कर्णाली जलविद्युत परियोजना तथा अरुण तेस्रो जलविद्युत परियोजना अति लाभप्रद, ठूला र राष्ट्रिय महत्वका परियोजनाहरु हुन् । यिनीहरुको निर्माण नेपालको आफ्नै लगानीमा निर्माण गर्नु पर्दछ र तिनलाई भारतलाई सुम्पने कुराको यो बैठकले विरोध गर्दछ ।

ञ) देशमा हत्या, हिंसा, बलात्कारका घटनाहरु बढिरहेका छन् । त्यस्ता घटनामा पर्न सक्ने जनतालाई सुरक्षा दिन र त्यस्ता घटनाका दोषिलाई दण्ड दिन पनि राज्यले सकिरहेको छैन । यो बैठकले हत्या, हिंसा, बलात्कार, असुरक्षा र दण्डहिनताको अन्त्य गर्न मार्ग गर्दछ ।

ट) सीमा अतिक्रमणले नेपाली भूभाग गुमेको छ । कालापानीमा भारतीय सेनाको उपस्थितिले राष्ट्रिय सुरक्षा र सार्वभौमिकतामा गम्भीर खतरा छ । सीमा अतिक्रमण रोक्न, अतिक्रमित जमिन फिर्ता गर्न र कालापानीबाट भारतीय सेना फिर्ता गर्न यो बैठकले माग गर्दछ ।

६.शोक प्रस्ताव -

गण्डकी प्रदेशसभाका बाग्लुङ निर्वाचन क्षेत्र नं. २ (ख) बाट निर्वाचित सांसद तथा राष्ट्रिय जनमोर्चा बाग्लुङ जिल्ला समितिका पूर्वसदस्य टेकबहादुर घर्तीको २०७५ मंसीर २७ गते भारतको नयाँ दिल्लीमा कलेजोसम्बन्धी रोगको उपचारको क्रममा निधन भएको छ । श्री टेकबहादुर घर्तीले देश, जनता, पार्टी र क्रान्तिको पक्षमा पुराउनु भएको योगदानको सम्मानगर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै यो बैठकले शोक प्रस्ताव पारित गर्दछ ।

मिति : २०७५/९/३०

.......................

**रश्मीराज नेपाली**

**कार्यकारी अध्यक्ष**